दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३२१ | बुटवल | २०८१ मंसिर १३, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Nov.28, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# आयल निगम लुम्बिनी प्रादेशिक डीपोको डीपीआर सम्झौता

**भैरहवा–परासी सडक खण्डअन्तर्गत रोहिणी खोला पुल लगत्तैको पूर्व–उत्तरमा बन्ने नयाँ डीपो पूर्णतया कम्प्युटराइज्ड हुने छ। इन्धन लोड र अनलोड कम्प्युटर प्रविधिबाट हुने भएकाले चुहिने र पोखिने समस्या नहुने निगमको दाबी छ।**

**लुम्बिनी संवाददाता**
*भैरहवा*

नेपाल आयल निगमको लुम्बिनी प्रादेशिक भण्डारण गृह (डीपो) निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्न काठमाडौं विश्वविद्यालय (केयू) सँग सम्झौता भएको छ। नयाँ बन्ने डीपो पूर्णतया कम्प्युटराइज्ड हुनेछ। इन्धन लोड र अनलोड कम्प्युटर प्रविधिबाट हुने भएकाले चुहिने र पोखिने समस्या नहुने निगमको दाबी छ। अत्याधुनिक उक्त डीपोमा इन्धनको गन्ध समेत नआउने भएकाले यो वातावरणमैत्री समेत हुनेछ।

बुधबार डीपो बन्ने स्थल भैरहवा-परासी सडक खण्डअन्तर्गत रोहिणी खोला पुल लगत्तैको पूर्व-उत्तर (ओमसतिया र रोहिणी गाउँपालिका को सीमा क्षेत्र) भण्डारण क्षमता वृद्धि परियोजनाका प्रमुख एवं निगमका उपनिर्देशक प्रदीप यादव र काठमाडौं विश्वविद्यालय (कन्सल्टेन्सी विभाग) का प्रमुख विवेक बरालले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौतअनुसार केयूले एक करोड ९५ लाख ७६ हजार पाँच सय ७८ रुपैयाँमा ६ महिनाभित्र डीपीआर तयार गर्नेछ। डीपीआर तयार भएलगत्तै डीपो निर्माण अघि बढाइने र २०८४ मंसिरसम्म भलबारीस्थित डीपो स्थानान्तरण गरिने निगमका उपनिर्देशक यादवले जानकारी दिए। यसअघि निगमले काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा रहेको हवाई इन्धन डीपो स्थानान्तरणका लागि डीपीआर निर्माण गर्न गत साता पुल्चोक इञ्जिनियरिङ क्याम्पससँग सम्झौता गरेको थियो। भैरहवा-बुटवल मुख्य राजमार्गसँग जोडिएको करिब साढे पाँच बिघा जमिनमा हालको लुम्बिनी प्रादेशिक कार्यालय अवस्थित छ। यहाँ पाँच सय १९ किलोलिटर पेट्रोल, तीन हजार ४० किलोलिटर डिजेल र एक सय ४० किलोलिटर मट्टितेल भण्डारण क्षमताका ट्याङ्कर छन्। बढ्दो खपतको तुलनामा हालको भण्डारण क्षमता अत्यन्त न्यून रहेको निगमको भनाइ छ। अहिलेको भण्डारण क्षमताले पेट्रोलको दुई दिन र डिजेलको पाँच दिनको माग मात्रै धान्न सक्ने अवस्था रहेको उपनिर्देशक यादवले जानकारी दिए।

भलबारी डीपोमा जग्गा अभावका कारण ट्याङ्करलाई यथेष्ट पार्किङस्थल उपलब्ध गराउन नसक्दा सडकमै रोक्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ। अर्कोतिर स्थानीय समुदाय र राजनीतिक दलले समेत २०७२ सालदेखि नै डीपो अन्यत्र सार्न माग गर्दै दबाब दिँदै आएका छन्। 'डीपो सञ्चालनका क्रममा बढ्दै गएको सुरक्षा चिन्तालाई सम्बोधन गर्न तथा आधुनिक सुरक्षाका उपकरण जडान तथा विस्तार गर्न पनि नयाँ डीपो निर्माण गर्न आवश्यक छ।'- भलबारी डीपो स्थानान्तरणको आवश्यकता प्रस्ट्याउँदै उपनिर्देशक यादवले भने।

डीपो स्थानान्तरण गर्नुपर्ने स्थानीय बासिन्दाको दबाब र बढ्दो पेट्रोलियम खपतलाई सम्बोधन गर्न रोहिणी खोला किनारमा नयाँ डीपो निर्माण गर्न लागिएको निगमले स्पष्ट परेको छ। निगमले चालु आवको



नीति तथा कार्यक्रम र बजेटमा रोहिणी नदी किनारमा रहेको करिब १४ बिघा जमिनमा आधुनिक डीपो निर्माण गर्ने उल्लेख गरेको छ।

कन्सल्टेन्सी सेवा विभागका प्रमुख बरालले केयू र निगमबिच लामो समयदेखि अनुसन्धान मुलुक कार्यमा सहकार्य हुँदै आएको जानकारी दिँदै पेट्रोलियम भण्डारण गृहको डीपीआर निर्माण गर्न दिइएको जिम्मेवारी समयमै पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे। यसबाट सबै प्रकारका पूर्वाधार निर्माण गर्न नेपाली जनशक्ति सक्षम रहेको पुष्टि भएको उनको भनाइ छ।

निगमका उपनिर्देशक यादव पेट्रोलियम पूर्वाधार निर्माणमा इन्डियन आयल कर्पोरेसनको प्राविधिक टोलीको भर पर्नुपर्ने अवस्था अन्त्य गर्न त्रिभुवन विश्वविद्यालयअन्तर्गतको पुल्चोक क्याम्पस र काठमाडौं विश्वविद्यालयबिच सम्झौता भएको बताउँछन्।

आधुनिक डीपो निर्माणसँगै प्रदेशभरको माग धान्ने ठूलो क्षमताको स्टोरेज ट्याङ्कसमेत बनाइनेछ। अब बन्ने डीपोमा डिजेल भण्डारणका लागि तीन हजार किलोलिटर क्षमताको तीन ठूलो भर्टिकल ट्याङ्की निर्माण गरिनेछ। यस्तै, पेट्रोल भण्डारणका लागि दुई हजार दुई सय ८० किलोलिटर र मट्टितेल भण्डारणका लागि पाँच सय किलोलिटरको ट्याङ्कर निर्माण हुनेछ।

डीपोभित्र कम्तीमा एक सय ५० वटा ट्रक तथा ट्याङ्कर सजिलै आवातजावत गर्न सक्ने पार्किङ्स्थल पनि बन्नेछ। अमेरिकन पेट्रोलियम इन्स्टिच्युट (एपीआई) मापदण्डअनुसार निर्माण हुने डीपोमा नवीन प्रविधिको सुरक्षा प्रणाली जडान गरिने परियोजना प्रमुख यादवले जानकारी दिए। निगमले रोहिणी खोला किनारमा भण्डारण गृह निर्माणका लागि गत बैशाखमा जमिन सम्याउने र पर्खाल लगाउने काम सुरु गरेको थियो।

निर्माण सुरु भएको तीन वर्षमा सक्ने योजना रहेको परियोजनाको कुल लागत तीन अर्ब २० करोड रुपैयाँ हुने प्रारम्भिक अनुमान छ। काठमाडौं विश्वविद्यालयको विज्ञता सो परियोजनामा प्रयोग गर्न पाउँदा निगम अत्यन्त खुसी भएको जानकारी दिँदै उनले केयूको डीपीआरअनुसार तयार हुने परियोजना दिगो र आधुनिक सुविधा सम्पन्न हुने विश्वास व्यक्त गरे।

२०२७ सालमा स्थापना भएको सरकारी स्वामित्वको निगमले नेपालमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र वितरण गर्दै आइरहेको छ। निगमको हाल सातवटा प्रादेशिक कार्यालय, तीनवटा शाखा कार्यालय, १० वटा हवाई इन्धन डीपो र दुईवटा हवाई इन्धन रिफ्युलिङ स्टेसन सञ्चालनमा छन्।

निगमसँग विराटनगर, धनुषा, वीरगञ्ज, अमलेखगञ्ज, काठमाडौं, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा इन्धन भण्डारण गृह छ। हाल निगमको पेट्रोलियम पदार्थ भण्डारण क्षमता ६० हजार तीन सय ८४ किलोलिटर रहेको छ। पेट्रोलियम पदार्थका लागि आयातमा निर्भर रहेको नेपालका लागि निगमले भारतको सरकारी स्वामित्वको इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट इन्धन खरिद गर्दै आइरहेको छ।

## रविलाई छिटो अदालत पेश गर : रास्वपा



काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी सभापति रवि लामिछानेसँग सम्बन्धित मुद्दा तत्काल अदालत पुऱ्याउन सरकारलाई आग्रह गरेको छ। प्रहरीले हिरासत बसाई लम्ब्याएको र अनुसन्धान गर्ने भन्दै एक पछि अर्को जिल्लामा सभापति लामिछानेलाई पठाइएको रास्वपाको गुनासो छ। प्रधानमन्त्री केपी शर्मा ओलीलाई मंगलबार सिंहदरबारमा भेटेका रास्वपा प्रमुख सचेतक सन्तोष परियारले सबै मुद्दा छिटो अदालत पुऱ्याउन आग्रह गरेका हुन्।

जवाफमा प्रधानमन्त्री ओलीले प्रहरीले अनुसन्धान गरिरहेको बताएका थिए। प्रतिवाद गर्दै परियारले अनुसन्धान लम्ब्याउने र सभापतिविरुद्ध माहोल सिर्जना गर्ने गरी प्रमाण भन्दै मिडिया ट्रायल गर्ने कार्य प्रहरीबाट भइराखेको आफूहरुको बुझाइ रहेको सुनाएका थिए।

प्रधानमन्त्री ओलीले प्रहरी अनुसन्धान प्रभावित पर्ने काम आफूबाट नहुने र प्रहरीले निश्चित समयमा मुद्दा अदालतमा लैजाने भएकाले यो प्रक्रियाप्रति फरक मत राख्नुपर्ने आवश्यकता नरहेको बताएका थिए। त्यसपछि रास्वपाका प्रमुख सचेतक परियारले जतिसक्दो छिटो मुद्दा अदालतमा लैजाने वातावरणका लागि भूमिका खेलिदिन आग्रह गरेका थिए।सहकारीको रकम हिनामिना प्रकरणमा रास्वपा सभापति लामिछानेलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) ले गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ गरेको थियो।

» बाँकी ३ पेजमा

## प्रधानमन्त्रीको चीन भ्रमण टोलीमा ४० जना

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओली शर्मा ओलीको आसन्न चीन भ्रमणमा ४० सदस्यीय सरकारी टोली सहभागी हुने भएको छ। भ्रमणमा सरकारी टोलीका अतिरिक्त उद्योगी व्यवसायी पनि हुनेछन्।भ्रमण टोलीमा सहभागी हुने नेपाली टोलीको कूल संख्या यकिन भइसकेको छैन। परराष्ट्र स्रोतका अनुसार परराष्ट्रमन्त्री आरजु राणा देउवा बिहीबार चीन जानेछिन्। उनी शनिबार नेपाल फर्किएर पुनः सोमबार चीन प्रस्थान गर्ने कार्यतालिका बनेको छ।

१५ मंसिरमा मन्त्री राणा देउवा नेपाल फर्केर १७ मंसिरमा प्रधानमन्त्री ओलीसँग राणा पुनः चीन जाने गरी कार्यतालिका बनेको छ। चिनियाँ राष्ट्रपति सी चिनफिङसँग १८ मंसिरमा भेट हुनसक्ने परराष्ट्र स्रोतले जानकारी गराएको छ।

## दुर्गा प्रसाईंलाई थुनामुक्त गर्न अस्वीकार



बुटवल। विद्युतीय कसूरको आरोपमा पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई थुनामुक्त गर्न सर्वोच्च अदालतले अस्वीकार गरिदिएको छ। गैरकानूनी रुपमा प्रसाईंलाई थुनामा राखेको दाबी गर्दै उनका छोरा निराजनले बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गराएका थिए।

न्यायाधीशद्वय नित्यान्द पाण्डेय र महेश शर्मा पौडेलको संयुक्त इजलासले बुधबार उक्त रिट खारेज गरिदिएको हो। पाण्डेय र पौडेलको इजलासले रिट खारेज गर्दै निर्देशनात्मक आदेश जारी गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले कम्बोडियामा लगानी गरेको भनी प्रसाईंले बोलेको विवादास्पद भिडियो सार्वजनिक भएपछि ४ मंसिरमा उनलाई प्रहरीले पक्राउ गरिकएको थियो।

प्रसाईंका छोरा निराजनले गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय नक्साल, केन्द्रीय अनुसन्धान ब्युरो लाजिम्पाट र काठमाडौं जिल्ला अदालतलाई विपक्षी बनाएर गत ९ मंसिरमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेका थिए।

जिल्ला अदालत, काठमाडौंको अनुमति लिएर प्रहरीले उनलाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ। प्रहरीले प्रसाईंमाथि साईबर अपराध, सरकारी कागजात किर्तेलगायतको आरोपमा अनुसन्धान गरिरहेको छ।

## ओभरलोड गाडी दुर्घटना भए प्रहरी जिम्मेवार



काठमाडौं। क्षमताभन्दा बढी यात्रु र सामान बोक्ने सवारीसाधन दुर्घटना भए अब त्यस्तो सवारीले पार गरेको अन्तिमको प्रहरी इकाई प्रमुख जिम्मेवार हुने भएको छ। गृह मन्त्रालयले २ मंसिरमा सरोकारवालासँगको बैठकको निर्णय कार्यान्वयन गर्न मातहत निकायलाई परिपत्र गरेको छ। गृहले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल यातायात व्यवसायी महासंघलाई समेत परिपत्र गरेको हो।

गृहको परिपत्रअनुसार अब स्थानीय स्तरमा सवारीसाधनले क्षमताभन्दा बढी यात्रु बोकेको पाइए स्थानीय प्रहरीले कडाइसाथ कारबाही गर्नुपर्ने भएको छ। प्रहरीको लापरबाहीका कारण सवारीसाधन दुर्घटनाग्रस्त भए त्यसको विभागीय जिम्मेवारी स्थानीय प्रहरी इकाई प्रमुखले लिनुपर्ने भएको छ। पछिल्लो समय स्थानीयस्तरमा घातक दुर्घटना बढेका छन्। नियमन कमजोर हुँदाको फाइदा उठाउने र सवारीसाधन नियमित जाँच नहुँदा दुर्घटना दोहोरिने गरेको छ।

उक्त बैठकले सवारीसाधनले क्षमताभन्दा धेरै मालसामान तथा यात्रु बोकेर गुड्ने, मालसामान बोक्नेले यात्रु बोक्ने र यात्रु बोक्नेले मालसामान समेत बोक्ने गर्दा जोखिम बढेको भन्दै प्रहरीले नियमित जाँच गर्नुपर्ने निष्कर्ष निकालेको थियो।

यसका साथै एउटै चालकले लामो दुरीको यात्रा तय गर्ने, सार्वजनिक सवारीसाधनमा यात्रुलाई टिकट नलिई यात्रा गराउने, तीव्र गतिमा सवारीसाधन चलाउने, नियमित रूपमा सवारीसाधनको यान्त्रिक स्थिति र स्वरूपको परीक्षण भए-नभएको लगायत प्रचलित सवारी तथा यातायातसम्बन्धी प्रचलित कानुनमा उल्लेख विषयमा समेत प्रहरीले नियमित जाँच गर्ने निर्णय गरेको छ।सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी र यातायात मजदुर संगठन लगायत सम्बद्ध निकायले सुरक्षित सडक र सुरक्षित यात्राका लागि आपसी समन्वयमा सवारी दुर्घटना जोखिम न्यूनीकरणका लागि कार्ययोजना बनाउने निर्णय समेत भएको थियो।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## केन्द्रीकृत मानसिकताले गिजोलिएको विमानस्थल

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा लामो समय अन्तर्राष्ट्रिय उडान नहुँदा निराश व्यवसायीमा अहिले उत्साह छ। पाँच वटा विमान कम्पनीले उडान सुरु भएको उत्साह लामो समयसम्म रहन्छ कि रहँदैन भन्ने आशंका कायमै छ। जबर्जस्ती विमान कम्पनी भैरहवा त आए, तर विमानस्थल सञ्चालनका लागि आउनुपर्ने विभिन्न सरकारी कार्यालय आउन नसक्दा आशंका हुनु स्वाभाविकै हो ।

विमानस्थल चल्नका लागि यहाँ तत्काल श्रम स्वीकृतिको लागि कार्यालय आवश्यक पर्छ। मेडिकल जाँच, भिसा सेन्टर, कार्गो र विदेश पढ्न जाने विद्यार्थीको लागि नो अब्जेक्सन सर्टिफिकेट(एनओसी), ठूला ट्राभल एजेन्सीका कार्यालय स्थापना पनि हुनुपर्छ। ती कार्यालय नहुँदा सेवाग्राही काठमाडौं धाउनुपर्ने बाध्यता छ । विमानस्थलमा विमान आए, तर विमानस्थल चल्नका लागि चाहिने कार्यालय स्थापनामा ढिलाइ हुनु गैरजिम्मेवार क्रियाकलाप हो। मुलुकमा संघीय शासन प्रणाली स्थापना भइसकेको छ, तर केन्द्रीकृत राज्य संरचनाको मनोविज्ञान बदलिन नसक्दा शासन प्रणाली संस्थागत हुन सकेको छैन। राजनैतिक नेतृत्व मात्रै विकेन्द्रित भएर हुँदैन। त्यसअनुसार प्रशासनिक संरचना पनि विकेन्द्रित हुनुपर्छ। मुलतः हाम्रो सोंच, विचार र धारणा पनि प्रणाली अनुसार बदलिनुपर्छ ।

अहिले भैरहवाका लागि कतार एयरवेज र फ्लाई दुबईले दैनिक एक, नेपाल वायुसेवा निगमनले सातामा पाँच, जजीरा एयरवेजले सातामा तीन र थाई एयर एसियाले सातामा दुई उडान गरी सातामा २४ उडान गरिरहेका छन्। थाई एयर एसिया र जजीराले आफ्नो मुलुकबाट भैरहवा सिधा उडान गरेका छन्। सरकारी कार्यालयको स्थापनासँगै भैरहवा विमानस्थल प्रयोगकर्ता बढ्न सक्छन्।

अब गर्नुपर्ने पहिलो काम आवश्यक सरकारी कार्यालयको स्थापना छिटो गर्नु हो। दोस्रो काम भनेको देशका विभिन्न ठाउँबाट भैरहवा उडानको व्यवस्था हुनुपर्छ जसले आन्तरिक हवाई सञ्जालबाट पनि भैरहवा जोडिन सकोस्। तेस्रो भनेको गौतमबुद्ध विमानस्थलमा बौद्धमार्गी पर्यटक ल्याउन ती देशबाट सिधा उडानको पहल हुनुपर्छ। प्रधानमन्त्रीको आगामी चीन भ्रमणमा पनि सिधा उडान बारे छलफल हुन सक्यो भने चीनका केही शहरबाट सिधा उडान हुन सक्दा चिनियाँ पर्यटक लुम्बिनी आउने बाटो खुल्छ।

सरकारले निर्णय गर्ने, तर कार्यान्वयन नहुने प्रवृत्ति कायमै छ। भैरहवामा आवश्यक विभिन्न कार्यालय छिटो स्थापना गर्ने निर्णय भए पनि कार्यान्वयनमा ढिलाइ भएको छ। विभिन्न मुलुकसँग हवाई सम्झौता गर्ने भनिए पनि पहलकदमी हुन सकिरहेको छैन्। भारतसँग पश्चिमतर्फको हवाई रुट पाउनका लागि कुटनीतिक पहल निष्कर्षमा पुग्न नसक्दा पनि समस्या भएको छ। विमानस्थल चलाउनका लागि निरन्तर मिहिनेत आवश्यक छ। त्यसका लागि कर्मचारी संयन्त्रमा मौलाएको केन्द्रीकृत मानसिकता र व्यवसायीको सिण्डिकेट तोड्दै अघि बढेर व्यवसायीमा विश्वास दिलाउनुपर्नेछ।

## ३८.८१ अंकले बढ्यो नेप्से



काठमाडौं। बुधबार सेयर बजार परिसूचक (नेप्से) ३८.८१ अंकले बढेको छ। उच्च अंकले बजार बढेपछि परिसूचक २७५५.४७ बिन्दुमा उक्लिएको हो। बुधबार १९९ कम्पनीको सेयर मूल्य बढेको छ। ४० कम्पनीको घटेको छ भने ५ कम्पनीको मूल्य स्थिर रह्यो।

बुधबार १० कम्पनीको मूल्यमा सकारात्मक सर्किट लाग्यो। बिशाल बजार कम्पनी, कर्णाली विकास बैंक, कर्पोरेट विकास बैंक लगायत कम्पनीको मूल्यमा सकारात्मक सर्किट लाग्यो।

बुधबार कुल १ करोड ७१ लाख ८३ हजार कित्ता सेयर खरिदबिक्री हुँदा ९ अर्ब ३१ करोड २९ लाख रुपैयाँको सेयर कारोबार भएको छ। बुधबार नेप्सेका सबै उपसमूहको सूचक बढेको छ।

# नवीनमा मेयरसँग विद्यार्थी कार्यक्रम



बुटवल। बुटवल उप-महानगरपालिका वडा नम्बर ११ देवीनगरमा रहेको नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालयको आयोजनामा मेयरसँग विद्यार्थी कार्यक्रम सम्पन्न भएको छ।बुधबार विद्यालयमा बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयसँग अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख पाण्डेयले विद्यार्थीहरुले सोधेका जिज्ञाषा समाधान गर्ने प्रयास गरेका थिए।

कार्यक्रममा उनले शिक्षा तथा विद्यालयस्तरबाट नै खेलाडी र कलाकार उत्पादन गर्नेगरी उपमहानगरले लगानी गरेको बताए। उनले डेरामा बस्ने विद्यार्थीलाई सहयोग गर्ने, घरबेटीलाई सम्मान र दुःख दिनेलाई कारबाहीलगायतका बारेमा बोलेका थिए। उनले विद्यार्थीस्तरीय कार्यक्रमहरुमार्फत् खेलाडी उत्पादन, एवं विभिन्न कलाकारहरु उत्पादन गर्नेगरी विभिन्न प्रतियोगिता हुँदै आएको जानकारी गराए।

कार्यक्रममा विद्यार्थीहरुले मेयरको विद्यार्थी जीवन, राजनीतिक यात्रा, बुटवलको शैक्षिक रणनीति, विद्यार्थी लक्षित कार्यक्रम, शिक्षा लक्षित, खेलकुद केन्द्रित कार्यक्रम, नगरभित्रका विद्यालयको अनुगमन तथा छात्रवृत्तिलगायतको बारेमा प्रश्न सोधेका थिए।

कार्यक्रममा बोल्दै राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनी प्रदेश परीक्षा व्यवस्थापन कार्यालय बुटवलका कार्यालय प्रमुख रमाकान्त तिवारीले कक्षा ११ १२ को परीक्षा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी धारणा राखेका थिए।

विद्यालयका प्रध्यानाध्यापक प्रेमबहादुर बस्नेतको अध्यक्षतामा कक्षा १२ विज्ञान समूहकी छात्रा आकृति अधिकारीको सञ्चालमा सम्पन्न कार्यक्रममा कक्षा ११ र १२ को प्रथम त्रैमासिक परीक्षामा उच्च जीपीए प्राप्त गर्ने ३९ जनालाई बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेय, राष्ट्रिय परीक्षा बोर्ड लुम्बिनी प्रदेश परीक्षा व्यवस्थापन कार्यालय बुटवलका प्रमुख रमाकान्त तिवारी र बुटवल उप-महानगरपालिका वडा नम्बर ११ का वडा सदस्य युवा नेता नहकुल शाही ठकुरीलगायतले ९९ हजार नगद पुरस्कार र ३८ वटा सेक्शनबाट प्रथम, द्वितीय र तृतीय भएका ११५ जना विद्यार्थीहरूलाई पुरस्कार समेत वितरण गरेका थिए।

कार्यक्रममा सहायक प्रधानाध्यापक अर्जुन खनाल, कानुन समूह इञ्चार्ज अधिवक्ता लोकप्रसाद खरेल, विद्यार्थीहरूको तर्फबाट आकृति अधिकारी, नवराज गैरे, दिव्या सापकोटा, रोशन परियार, आलोककुमार गुप्ता, एलिसा क्षेत्री, सुभाष पौडेल, सुजन अधिकारी, शिव गैरे, बिना कुँवर, खिमानन्द जैसी, आस्था पाण्डे र भगवती कुँवरलगायतका विद्यार्थीहरूले प्रश्नहरू सोधेका थिए।

## खुद्रा किराना व्यवसायिक संघद्वारा आहार वितरण

बुटवल। खुद्रा किराना व्यवसायिक संघ रुपन्देहीले बुटवल उप-महानगरपालिका ७ शिवनगरमा रहेको नन्दिनी गौशालामा गौमाता आहार वितरण गरिएको छ। संघको १८औं स्थापना दिवसको अवसरमा गौशालामा गौमाता आहार वितरण गरिएको हो। कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले बुटवलका सडक तथा विभिन्न स्थानहरुमा अलपत्र अवस्थामा रहेका गाईगोरुहरुलाई गौशालामा ल्याएर सुरक्षित एवं व्यवस्थित बनाएको बताइन्।

उनले राष्ट्रिय जनावर अलपत्र अवस्थामा रहनुभन्दा व्यवस्थापन गर्ने उद्देश्यअनुसार नै अहिलेका नगरप्रमुखको नेतृत्वमा काम सुरु भएको बताइन्। उनले खुद्रा व्यवसायीहरु प्रत्यक्ष नागरिकको भान्सामा पुग्ने भएकोले बिक्री वितरण गर्दा ध्यान दिनुपर्ने बताइन्। उनले खानेकुराको गुणस्तरमा ध्यान दिन पनि आग्रह गरिन्।

कार्यक्रममा बोल्दै संघका सल्लाहकार कृष्णप्रसाद पाण्डेले हाटबजारमा व्यवसायीले सहज बेच्न पाउने, तर खुद्रा व्यापारीहरुले पीडा भोग्नुपरेको बताए। उनले खुला सिमानाकाले व्यवसाय तथा अर्थतन्त्रमा प्रभाव परेको बताए।

संघका अध्यक्ष महेन्द्रप्रसाद पोखरेलले छाडा चौपायाले खुद्रा व्यवसायीहरु समस्यामा परेको र यही मुद्दा सुरुवातदेखि नै संघले उठाउँदै आएकोले गौशालामा रहेका गाईगोरुलाई आहार उपलब्ध गराइएको जनाए।

संघको १८औं स्थापना दिवसको अवसरमा संस्थापक अध्यक्ष टिकाराम गैरेलाई सम्मान गरिएको थियो।

सम्मानपश्चात् गैरेले संघको स्थापनादेखि अहिलेसम्म आउँदा भएका उतारचढावको बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा मानवअधिकारी तथा शान्ति समाज रुपन्देहीका निवर्तमान सभापति कृष्णप्रसाद भट्टराई, संघका पूर्व अध्यक्षहरु ज्ञानप्रसाद न्यापाने, कमला गौतमलगायतले बोलेका थिए।

गौशालामा गाईकोलागि चापट, घाँस, भेलीलगायतका सामग्री हस्तान्तरण गरिएको संघका वरिष्ट उपाध्यक्ष एवं कार्यक्रम संयोजक ज्ञानप्रसाद न्यौपानेले जानकारी दिए।

**Kapilvastu Municipality**
**Office of Municipal Executive**
**Taulihawa,Kapilvastu**
**Lumbini,Province**

**Invitation for Electronic Bids**

**Date of Publication: 28th Nov,2024(13th Mangsir,2081)**

The Kapilvastu Municipality, Office of the Municipal Executive, Taulihawa, Kapilvastu invites online bids under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders under National Competitive Bidding procedures for the procurement of the following works. The bidders can visit the PPMO website for the brief description with Public entity name: **Kapilvastu Municipality, Office of Municipal Executive.**

| S.N. | IFB NO. | Name of Projects | Estimated Amount (Exclusive VAT and Contingencies) (NRs.) | Bid Security (NRs.) | Account No. for Cash Security | Bid Doc fee | Account No. for Bid Doc Fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM/081 /082-05 | Upgrading of Araurakot Narainapur Parsiya Road KMNP-11 | 86,85,430.25 | 2,70,000.00 | RastriyaBanijyaBank,Taulihawa Barnchh Sthaniya Taha Dharauti Khata No.3110100303000002 | 3000.00 | RastriyaBanijyaBank,TaulihawaBarnch Aantarik Rajaswa Khata No.:3110100301010002 Office Code:8010549015 Or Cash receipt from Rajaswa Sakha Oh KMNP | 29th Dec,2024 (14th Ppush,2081) 12:00 |
| 2 | KM/081 /082-06 | Aanandbag Madan Ashrit Smriti Bhawan Nirman Kapilvastu Na.Pa.-1 | 90,54,151.80 | 2,90,000.00 | | | | |
| 3 | KM/081 /082-07 | Kapilvastu Nagarpalika Wada No.3 Thulo Sadawa Ma Raheko Kalimai Mandir Parisar Tatha Pokhari Ko Dilma Dharmashala Nirman Kapilvastu | 77,56,689.34 | 2,40,000.00 | | | | |

**Chief Administrative Officer**

**सत्यवती गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**जोहाङ्ग ,गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**सूचना प्रकाशित मिति २०८१।०८।१३**

यस गाउँपालिका अन्तर्गत पर्ने तपसिल अनुसारको ठेक्का नम्बरमा उल्लिखित कार्यको लागि मिति २०८१ साल असोज २० गतेको लुम्बिनी राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र(३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदातालाई ७ (सात) दिने आसयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर सहित) (रु.) |
|---|---|---|---|---|
| १ | SRM/ROAD/W/ NCB/06–2081–082 | Construction of Bhandaripokhara –Rambari–Chehemi–Thumka–Dhuseni Road | श्री रुद्रबेनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, काठमाडौं-१०। | ३८,९७,६२१.०८/- |

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## रविलाई...

उनीविरुद्ध रुपन्देही, काठमाडौं र चितवनबाट पनि पक्राउ पुर्जी जारी भएको छ । रुपन्देही लगेर उनको बयान लिइएको छ भने काठमाडौं पनि ल्याउने तयारी छ ।सूर्यदर्शन सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा १६ असोज २०८० जीबी राई, उनका दाजु भूपेन्द्र राई, थानबहादुर बुढालगायत १९ जनाविरुद्ध कास्की अदालतमा मुद्दा दर्ता भएको थियो । पीडितहरुले २२ माघ २०८० मा सभापति लामिछानेसहित १८ जनाविरुद्ध कास्की प्रहरीमा पूरक जाहेरी दिएका थिए ।

त्यससम्बन्धमा अनुसन्धान चलिरहेका बेला संघीय संसदले १५ जेठ २०८१ मा एमाले सांसद सूर्य थापाको नेतृत्वमा गठन गरेको संसदीय विशेष समितिले विभिन्न सहकारीबाट गोरखा मिडिया नेटवर्कमा गएको रकम अपचलनको सम्बन्धमा लामिछानेमाथि अनुसन्धान गर्न सिफारिस गरेको थियो ।उक्त समितिले सहकारीको रकमअपचलनमालामिछानेसमेतलाई दोषी ठहर गर्दै ४ असोज २०८१ मा प्रतिवेदन बुझाएको थियो । सरकारले प्रतिवेदन कार्यान्वयनमा लगेसँगै लामिछाने पक्राउ परेका हुन् ।

जीबी राई जोडिएको बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणको मुद्दा लामिछाने गृहमन्त्री रहेकैबेला ३ बैशाखमा अदालतमा दर्ता भएको थियो । इलाका प्रहरी कार्यालय, बुटवलले गरेको अनुसन्धानका आधारमा सरकारी वकिलको कार्यालय, रुपन्देहीले जिल्ला अदालतमा २८ जनालाई प्रतिवादी बनाउँदै सहकारी ठगीको मुद्दा दायर गरेको थियो । जसमा एक हजार ८३१ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ हिनामिना गरेको दाबी गरिएको छ । तर त्यतिबेला रवि प्रतिवादी थिएनन् ।

संसदीय विशेष छानबिन समितिले सुप्रिम सहकारीको रकम समेत गोरखा मिडियामा ल्याएर अपचलन गरेको भन्दै रविसहितका व्यक्तिलाई कारबाही सिफारिस गरेपछि अनुसन्धान अगाडि बढेको हो ।

उक्त प्रतिवेदनपछि सुप्रिम सहकारीमा पनि पूरक अभियोजन बनाएर मुद्दा लैजाने तयारी अनुसार लामिछानेको बयान रुपन्देही प्रहरीले लिएको हो । सुप्रिम सहकारीको १४ करोड २९ लाख रुपैयाँभन्दा बढी रकम गोरखा मिडिया नेटवर्क प्रालिमा लगानी भएको प्रहरी अनुसन्धानले देखाएको छ । उक्त रकममध्ये करिब २ करोड रुपैयाँ प्रक्रिया पूरा नगरी रवि लामिछानेको नाममा ऋण गएको बताइएको छ ।

यसबिचमा चितवन र काठमाडौं जिल्ला प्रहरीले पनि लामिछानेविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ ।

गोरखा मिडिया नेटवर्कका पूर्वप्रबन्ध निर्देशक रवि लामिछाने, पूर्वउपाध्यक्ष पूर्वडीआईजी छविलाल जोशीसहित १० जनाविरुद्ध अनुसन्धान गर्न चितवन जिल्ला अदालतले प्रहरीलाई अनुमति दिइसकेको छ ।

साहरा चितवन सहकारीका २४ बचतकर्ताले चितवन-२ का सांसदसमेत रहेका लामिछानेलगायत विरुद्ध प्रहरीमा पूरक जाहेरी दिएका छन् । जाहेरीबमोजिम अनुसन्धान गर्न जिल्ला अदालतबाट अनुमति लिएर प्रहरीले पक्राउ पुर्जी जारी गरेको हो ।

काठमाडौं प्रहरीले पनि स्वर्णलक्ष्मी सहकारीको बचत अपचलनमा अनुसन्धान गर्न लामिछानेविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । यही मुद्दामा छविलाल जोशीको बयान लिइसकेको काठमाडौं प्रहरीले लामिछानेलाई काठमाडौं झिकाउने तयारी गरिरहेको छ ।

रास्वपाका नेता गणेश पराजुली पार्टी सभापति लामिछानेको सम्बन्धमा राजनीतिक प्रतिसोध साधिएको भन्नेमा कुनै दुविधा नरहेको बताउँछन् ।

यसअघि कात्तिक १२ गते पनि प्रधानमन्त्री ओलीलाई रास्वपा उपसभापति डीपी अर्याल र प्रमुख सचेतक परियारले भेटेका थिए । त्यसबेला आन्दोलनमा रहेका दलका नेताले प्रधानमन्त्रीलाई भेटेको भनेर रास्वपाभित्रै पनि कतिपय नेताहरुले आलोचना गरेका थिए ।

## ओभरलोड...

नेपाल प्रहरी, यातायात व्यवसायी र यातायात मजदुर संगठन लगायत सरोकारवाला निकायले आपसी समन्वयमा सवारी चालक तथा सहचालकलाई नियमित प्रशिक्षण तथा सचेतना प्रदान गरी सवारी दुर्घटना न्यूनिकरण गर्ने निर्णय समेत भएको छ ।

# प्रदूषण रोक्न जपसा नेपालको माग

**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा उद्योगहरूले गरेको प्रदूषण रोक्न माग गरिएको छ। जनता सामाजवादी पार्टी नेपाल नवलपरासीले उद्योगहरूबाट निस्केको फोहोरले प्रदूषण भएको भन्दै त्यसलाई रोक्न माग गरेको हो । बुधबार परासीमा पत्रकार सम्मेलन गरी जनता सामाजवादी पार्टी नेपालले उद्योगबाट निस्केको फोहोर पानी खेतमा पस्दाँ धानबालीमा क्षति र उर्वर शक्तिमा कमी आएकोले किसानहरू मर्कामा परेको जसपका अध्यक्ष धरेन्द्र यादवले बताए ।

उद्योगलाई पटक-पटक उद्योगबाट निस्कने फोहोर पानी व्यवस्थित गर्न माग गरे पनि उद्योगले कुनै पनि सुधार नगरेको भन्दै यस विषयमा जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउदाँ समेत सुनुवाइ नभएको यादवले जानकारी दिए । उनले जिल्ला प्रशासन कार्यालयमा गइ प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठलाई गुनासो गर्दा उनले केही सुनुवाइ नगरेको र प्रअ श्रेष्ठले अटेरी गरेको अध्यक्ष यादवले आरोप लगाए। उद्योगको प्रदूषणले रामग्राम लकहवा नदवा र पाल्हीनन्दनको पडरी गाउँका किसानको खेतीयोग्य जमिनमा क्षति पुऱ्याएको त्यसक्षेत्रका किसानहरूले बताएका छन् ।

उद्योगबाट निस्केको प्रदूषण उद्योगले नियन्त्रण नगरे उद्योगमा आन्दोलनका कार्यक्रमसहित तालाबन्दी गर्ने चेतावनी अध्यक्ष यादवले दिएका छन् ।

जिल्ला प्रहरी कार्यालयले सानो तिनो सामान्य घरायसी झैंझगडाको विषय लिएर मुद्दा चलाउने कार्य प्रहरीबाट भैरहेको विषय तत्काल बन्द गर्न प्रहरीसँग जसपाले माग गरेको छ । सामान्य घरायसी झैंझगडा विषय दुवै पक्षलाई सम्झाइबुझाई गरी पठाउने कार्य गरे पनि प्रहरीले पछिल्लो समयमा त्यसो नगरिकन सोझा साझा जनतालाई



प्रहरीले सास्ती दिने काम गरेको अध्यक्ष यादवले बताए ।

उनले सामान्य घरायसी झैंझगडा मिलाउनुको साटो प्रहरीले उल्टै मुद्दा चलाउने कार्य गरेको आरोप लगाए । प्रशासनमा काम लिएर जाँदा जनताहरूलाई अनावश्यक दुःख दिने काम भैरहेको अध्यक्ष यादवले बताए। अध्यक्ष यादवले यस्ता क्रियाकलाप तत्काल बन्द गर्न प्रहरी प्रशानसनसँग माग गरेका छन् ।


## आवश्यक कागजात हराएको सूचना

मेरो निम्न विवरण भएको CTEVT को Registration, Markskeet, Certificate र NHPC को Certificate यही मिति २०८१।०४।१० गते सैनामैना देखि बुटवल आउँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

नाम : प्रकाश ज्ञवाली
CM : 13854-70
ठेगाना : सैनामैना-५, रुपन्देही
रष्ट्रिशेन नं.. : 204299
सम्पर्क : ९८४७२६०३८०


## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### चोरमारा,नवलपरासी(ब.सु.पु.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०८१/०८/१३

यस कार्यालयबाट मिति२०८१/०७/०९गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकासित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मुल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | 05/NCB/MB/WORKS/2081/82, Setapanidekhi Ward Office Jodne SadakPul Nirman, Madhyabindu-1 | Neupane Multipurpose Pvt.Ltd.,Kawasoti-2 | 11857385.31 | |

प्रमुख प्रशासकीय अधिकृत

## शिवराज नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### चन्द्रौटा, कपिलवस्तु
### लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति :२०८१/०८/१३

यस शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निम्नानुसारको खरिद कार्यको लागि निर्धारित मिति भित्र विद्धुतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को १ बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि तथा सोहि ऐन को दफा २७ को २ र ३ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.स. | ठेक्का न. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कबोल रकम (भ्याट सहित) रु |
|---|---|---|---|---|
| १ | SM/ W6/081/082-15 | Sandi gaunbhitrapur wadhar nirman, Kudarweta wakomadarsajiyaulaulumala salfiyakopur wadhar nirman, paikibandaidhgahapur wadhar nirman shivraj na.pa.-6 | M/s. Radha roshan-nirmansewa, Shivraj 01 Kapilvastu phone: 9825423227 | 19,23,604.69 |
| २ | SM/ RD/081/082-08 | Kapilvastu jillashivraj nagarpalikas ward no. 9 RTP-Bhagawanpur upallo bhokar-tallobhokar-chamarbhajhiya sadak sharunnatti | M/s. R.G.L. Construction Pvt. Ltd. Kathmandu Metropolitan City-26 phone: 9845473095 | 33,33,333.33 |

प्रमुख प्रशासकीय अधिकृत

### Lumbini Province Government
### Office of Municipal Executive
## Road Infrastructure Development Office, Dang

## Invitation for Bids

No: 06/081/082

Date of publication: 2024-11-28 (2081/08/13 BS)

1. Road Infrastructure Development Office. Dang invites electronic bids from Nepalese eligible bidders for the construction of below mentioned Road works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain the Bidding document through PPMO website www.bolpatra.gov.np/egp Further information can be obtained at the office of Road Infrastructure Development Office. Dang ridodang@gmail.com; 082-561442

| S. N. | Name of Road | Contract ID No. | Cost without VAT & Contingency | Bid Security Amount, NRs. |
|---|---|---|---|---|
| 1. | Construction Four Road : 1) Sewar Dumar Gaun Dekhi Turuntapur Janne Sadak, (2) Jharna Tol Dekhi ChautariTolsamma Sadak (3) Dabardinga Dekhi Lauhure Dandasamma Sadak (4) Darbot Chowkdekhi Turantapur hudai Bhuidarsamma Sadak -Ghorahi-13 | RIDO/DANG/NCB/W/56/081/082 | 4,344,185.93 | 1,10,000/- |
| 2. | Construction of Three Road-1) Khadakpur Mahajitdekhi uttar tira Keruniya Kuloma Culvert Gadhawa-4 (2) Gadhawa-4 Khabarpur Mahajit Dekhi Dangalipur Sadak (3) Maghar Gaunko BhojramnChaudhariko GharDekhi Uttar Parsiya Gaunko Naya Track Gadhawa-5 | RIDO/DANG/NCB/W/57/081/082 | 6,037,881.55 | 150,000/- |
| 3. | Construction of Two Roads (1) Supaila Khola Tatbandan Madevpur Khanda Gadhawa-3 (2) Bhalu Dhondre Kholako Purbi Bhittatira Katan Niyantran Gadhawa-5 | RIDO/DANG/NCB/W/58/081/082 | 4,483,576.11 | 110,000/- |
| 4. | Koilabash BOP DekhiPatauli Naka BOP Sadak Upgrading | RIDO/DANG/NCB/W/59/081/082 | 6,552,199.44 | 1,65,000/- |
| 5. | Butneta Saude Aamare Bajgaun hudai Swargadwari Jodne Sadak, Banglachuli-6 | RIDO/DANG/NCB/W/60/081/082 | 3,259,838.28 | 80,000/- |
| 6. | Banglachuli -4 Tapachowk Shribari Dangbang Riban 6, Tathichaur 3 Amare 6 Hudai Pyuthan District Devisthan Road | RIDO/DANG/NCB/W/61/081/082 | 2,551,672.06 | 65,000/- |
| 7. | GotuwaSunpatriSunchhahariSadak Upgrading | RIDO/DANG/NCB/W/62/081/082 | 4,069,276.16 | 1,00,000/- |
| 8. | Construction of Two Road (1) Hariya Khadakpur Sadak Gadhawa 4 (2) Haraiya TukmanKo Ghar Dekhi Uttar Kadakpur Rampalu Chaudhariko Gharsamma Gadahawa-4 | RIDO/DANG/NCB/W/63/081/082 | 7,469,028.37 | 1,90,000/- |
| 9. | Construction of Three Roads: (1) Dudhrash Baghausi Mukund Dada Sadak (2) Golaura Panibatuwa Chadanichowk Hulakchowk Sadak, Tulsipur-6 (3) Rangaon Harrebas Dadakuti Sadak, Tulsipur-3 | RIDO/DANG/NCB/W/64/081/082 | 6,500,308.09 | 1,85,000/- |
| 10. | Construction of Three Roads: (1) Belganar Milan Tol Sadak Upgrading 700m Tulsipur Sub-metropolitan City-11 (2) Deshuram Chaudharyko Ghar Dekhi Mohanlal Chaudharyko Ghar Samma Road Upgrading Tulsipur-11 (3) Damodar Sadak Dekhi Uttar Tira Gargaruwa Sadak Nirman, Tulsipur, Dang | RIDO/DANG/NCB/W/65/081/082 | 3,504,828.69 | 1,00,000/- |
| 11. | DamodarMarga (15 no Wada Khanda) Road Upgrading, DangTuslipur | RIDO/DANG/NCB/W/66/081/082 | 4,440,473.20 | 1,25,000/- |
| 12. | Construction of Two Roads: (1) Amuwa Pipal Chautari Dekhi Kot Hudai Jyamire Sadak Nirman Shantinagar Ga Pa-2, Dang (2) Sanolekh Bata Ambapur Sadak Upgrading Tulsipur-13, Dang | RIDO/DANG/NCB/W/67/081/082 | 3,109,484.97 | 90,000/- |
| 13. | Bakhrelekh Dekhi Bagfal Hudai Jalkundi Sadak Tulsipur-13 Dang | RIDO/DANG/NCB/W/68/081/082 | 6,707,964.60 | 1,95,000/- |
| 14. | Doghariya Basgadhi Kuttichaur Holeri Jodne Sadak Tulsipur Sub-metropolitan City | RIDO/DANG/NCB/W/69/081/082 | 2,212,389.38 | 65,000/- |
| 15. | Purandhara Jharana Hudai Malai Simalkuna Hudai Jila Jane Bato Upgrading Babai | RIDO/DANG/NCB/W/70/081/082 | 4,867,256.64 | 1,35,000/- |
| 16. | Construction of Ghorahi Ghoddaura Dabali Sadak | RIDO/DANG/NCB/W/71/081/082 | 2,399,769.81 | 70,000/- |
| 17. | Upgrading of Simaltara Mulabari Laafe hudai Baddanda Pythan Sadak | RIDO/DANG/NCB/W/72/081/082 | 5,089,130.95 | 145,000/- |
| 18. | Construction of Three Road (1) Aadarsh Tol Bhitra Parne Jyoti Samiti Bidhyalaya Dekhi Aadarsh Tolko Simana Jodne Sadak Lamahi- 5, Dang. (2) Narayanpur Chokdekhi Narayaneshwar Mandir Samma SadakLamahi 3, Dang (3) Dhaturiya Dandadekhi Srigaaun Thulogaaun Kasiram Chaudharyko Ghar Samma Lamahi -2, Dang. | RIDO/DANG/NCB/W/73/081/082 | 3,917,079.83 | 1,10,000/- |
| 19. | Construction of Two Road (1) Damodar Sadak 2 KM lamahi-07, Dang (2) Satbariya Galliko Adhuro Pitch dekhi Dakshintarfa Kalipuruwa Jodne Sadak Lamahi -8, Dang. | RIDO/DANG/NCB/W/74/081/082 | 2,990,410.30 | 85,000/- |
| 20. | Construction of Two Roads: (1) Ghorahi 12 Gurje Khola Basantapur Gagalpur Krishnapur Hudai Saaipur Sadak (2) Shahipur Butkatawa Chhabilal Neupaneko Ghardekhi Laxmi Narayan Mandir hudaiTallo Sahipur Jodne Sadak | RIDO/DANG/NCB/W/75/081/082 | 2,981,049.72 | 85,000/- |
| 21. | Construction of Two Road (1) Mahadewa Sisahaniya Sadak Khandako Bahi (Mul Basti) Culvert Nirman (2) Sisahaniya dekhi Mahadewa Jodne Baato Nali Culvert Nirman. | RIDO/DANG/NCB/W/76/081/082 | 2,827,423.75 | 80,000/- |
| 22. | Upgrading Of Two Road (1) Okhara Chokdekhi Bandipur Road Kalopatre Ghorahi-15 (2) Bikram Oliko Ghardekhi BabainadiSamma 1 km Sadak Ghorahi-16 | RIDO/DANG/NCB/W/77/081/082 | 3,236,464.97 | 95,000/- |

Chief Administrative Officer

# रोयल इन्फिल्डको क्लासिक ३५० सिग्नल्स एडिसन लन्च



बुटवल । विश्वमै सर्वाधिक लोकप्रिय बाइक रोयल इन्फिल्डको क्लासिक ३५० सिग्नल्स एडिसन बुधबार बुटवलमा लन्च गरिएको छ । रोयल इन्फिल्डको नेपालका लागि आधिकारिक वितरक अल्फा अटोमोटिभ प्रालिको यस क्षेत्रको आधिकारिक डिलर गैरे प्रतिष्ठान प्रालिले बुटवल कालिकानगरस्थित शो रुममा क्लासिक ३५० सिग्नल्स एडिसन लन्च गरेको हो ।

बुधबार एक कार्यक्रमबिच प्रतिष्ठानका अध्यक्ष प्रेमराज गैरे, सञ्चालकहरु लक्ष्मी गैरे, सञ्चालक प्रवेशराज गैरेले उक्त बाइक लन्च गरेका छन् । लन्चकै अवसरमा बाइक खरिद गरेका बुटवलका राजेशकुमार गुरुङ र कपिलवस्तु चन्द्रौटाका सुरज अधिकारीलाई चाबी हस्तान्तरण गरिएको छ ।

यो मोटरसाइकललाई रोयल इन्फिल्डको पुरातात्विक तथा पोस्ट वार जीदु मोडलको उत्प्रेरणा जगाउने मोटरसाइकलको रुपमा लिइन्छ । सिग्नल्स एडिसन डेजर्ट स्यान्ड र मार्स ग्रे कलरमा उपलब्ध यो मोटरसाइकलमा भएको ३५० सीसी नयाँ एयर आपल कुल्ड इन्जिनले सहज पावर डेलिभरी, साथै बलियो टर्क र अत्यन्त परिष्कृत सवारी अनुभव प्रदान गर्ने गैरे प्रतिष्ठानका सञ्चालक प्रवेशराज गैरेले बताए । बाइकको फराकिलो सिट प्रोफाइल र नरम फोम कुशन सिट शहरभित्र र लामो यात्रामा चालक र पछाडि बस्ने यात्रुलाई आरामदायी अनुभव दिने बनाइएको छ ।

बाइकमा नयाँ एगोंनोमिक्स, ग्रिप्स, रोटरी स्यिच, इन्फो स्थिच र ओभल मास्टर सिलिन्डरलगायतका विभिन्न फिचर यसमा उपलब्ध छन् । त्यसैगरी नयाँ पाइलट लाइटहरु भएको हेडलाइट र नयाँ डिजाइनको टेललाइट तथा एकीकृत रिफ्लेक्टर यसमा रहेको सञ्चालक गैरेले बताए ।

बाइकमा अगाडि रहेको ३०० एमएम डिस्क ब्रेकसँग ट्वीन्स पिस्टन फ्लोटिङ्ग क्यलिपर र पछाडि रहेको २७० एमएम डिस्क ब्रेकसँग सिन्गल पिस्टन फ्लोटिङ्ग क्यलिपरले अरु बढी आत्मविश्वासपूर्ण ब्रेकिङ प्रदान गर्ने कम्पनीको विश्वास छ ।

लन्चसँगै बाइकको बिक्री खुला गरिएको हुँदा शोरूम भिजिट गरी बाइकको टेष्ट राइड गर्न सकिने अध्यक्ष प्रेमराज गैरेले बताए ।

लन्चका अवसरमा प्रतिष्ठानका सिनियर म्यानेजर ध्रुव सापकोटा, नारायण खनालले सन् १९०१ देखि निरन्तर नयाँ-नयाँ मोडल र फिचरमा उत्पादन गरिरहेकाले रोयल इनफिल्ड बाइक पारखीको रोजाइ र विश्वको लोकप्रिय ब्राण्ड बनेको बताए । बुकिङ खुला भएसँगै १७ वटा बाइक बुक भइसकेका अध्यक्ष गैरेले जानकारी दिए ।

रूपन्देही सुपरलिगः

# बुटवल राइनोज ‘ए’ डिभिजनमा उक्लियो

भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा बुटवल राइनोज ‘ए’ डिभिजनमा प्रवेश गरेको छ । बुधबार भएको डिभिजन ‘बी’ को अन्तिम खेलमा बुटवल राइनोजले स्टार क्रिकेट क्लबलाई ३३ रनले पराजित गर्दै ‘ए’ डिभिजनमा प्रवेश गरेको हो । बुधबारको खेलसँगै डिभिजन ‘बी’का सबै खेलहरु सकिएका छन् । डिभिजन ‘बी’बाट बुटवल राइनोजसँगै प्रोफेसनल मास्टर्स-११ ‘ए’ डिभिजनमा प्रवेश गरेको छ । अन्य टिम भने ‘बी’ डिभिजनमै रोकिएका छन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको बुटवल राइनोजले निर्धारित ५० ओभरको खेलमा ४६ ओभर ३ बल खेल्दै सबै विकेट गुमाएर १ सय २७ रनको योगफल बनायो । उसका लागि सुरज सारुले अविजित ३७, अपर्ण तिमिल्सिनाले १८, विपिनविक्रम शाहीले १६ र सनित श्रेष्ठले १२ रन बनाए ।

बलिङमा स्टार क्रिकेटका क्रिविन श्रेष्ठले ३ तथा शुभम खनाल, निरज मौर्य र राहुल नाउले समान २-२ विकेट लिए ।

जावाफी ब्याटिङ गरेको स्टार क्रिकेट क्लब ३८ ओभर ४ बलमा सबै विकेट गुमाएर ९४ रनमै अलआउट भयो । उसका लागि शुभम खनालले २०, राहुल नाउले १७, क्रमम खानले १२ र राहुल वली क्षेत्रीले १० रन बनाए पनि अन्य ब्याटर नचल्दा टिम पराजित भई ‘ए’ डिभिजनमा उक्लिने सपना अधुरो रह्यो । उसलाई सस्तैमा रोक्न बुटवल राइनोजका शुभम घमालले ३, विपिनविक्रम शाही र सुप्रिम कँडेलले २-२ तथा सुरज सारु र शिव कुँवरले १-१ विकेट लिए । खेलमा बुटवल राइनोजका सुरज सारु प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

सुपरलिगमा रुपन्देहीका ‘ए’ डिभिजनका ८ र ‘बी’ डिभिजनका १२ गरी २० टिम सहभागीमध्ये १० टिम ‘बी’ डिभिजनमै रोकिँदा बाँकी १० टिम भने नेपाल सुपरलिगपछि आयोजना हुने ‘ए’ डिभिजनका खेलहरुमा उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

# महोत्सवमा टिकटक प्रतियोगिता




भैरहवा । लुम्बिनी महोत्सवको प्रवर्द्धन र प्रचारप्रसार गर्ने उद्देश्यले भैरहवामा टिकटक प्रतियोगिता आयोजना गरिएको छ । सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको आयोजनामा यही मंसिर २० देखि पुस १ गतेसम्म भैरहवास्थित अञ्चलपुरमा नवौं लुम्बिनी राष्ट्रिय महोत्सव हुँदैछ ।

सामाजिक सञ्जाल टिकटकमार्फत् महोत्सवको प्रचारप्रसार गरी बढीभन्दा बढी दर्शकको उपस्थिति गराउन आयोजकले टिकटक प्रतियोगिता आयोजना गरेका हुन् ।

‘लुम्बिनी महोत्सवमा घुम्न जाऔं’ भनेर उत्कृष्ट टिकटक भिडियो बनाएर पोष्ट गर्नेलाई आकर्षक पुरस्कारको समेत व्यवस्था गरिएको आयोजक संस्थाले जनाएको छ । संघका सचिव तथा महोत्सवका प्रचारप्रसार समिति संयोजक मंगल भण्डारीले मेलाको प्रचारप्रसार हुने गरी टिकटक प्रतियोगिता आयोजना गरिएको जानकारी दिए ।

‘धेरैजनाले टिकटक चलाउनुहुन्छ, यसलै भैरहवामा महोत्सव लाग्न लागेको जानकारी दिन र महोत्सवको प्रबर्द्धन गर्न प्रतियोगिता राखिएको हो’, उनले भने-‘प्रतियोगितामा धेरैजना सहभागी भएर प्रतिस्पर्धा गर्नुहुनेछ भन्ने विश्वास लिएका छौं ।’

टिकटक प्रतियोगितामा भाग लिने प्रतिस्पर्धीले महोत्सवको प्रचार हुने किसिमको भिडियो बनाई आफ्नो अकाउण्टमा पोष्ट गर्नुपर्ने छ । टिकटक भिडियो पोष्ट गर्दा ‘ह्याचट्याग लुम्बिनी महोत्सव २०८१’ लेखेर पोष्ट गर्नुपर्ने छ ।

प्रचारप्रसार समिति संयोजक भण्डारीका अनुसार प्रतिस्पर्धीले केही नियम भने पालना गर्नुपर्ने छ । उनका अनुसार भिडियो लुम्बिनी राष्ट्रिय महोत्सवलाई केन्द्रित गरेर बनाउनुपर्नेछ । यस्तै, टिकटक भिडियो बढीमा दुई मिनेटको हुनुपर्नेछ, भिडियो प्रतिस्पर्धीले एकल वा सामूहिकरुपमा पनि बनाउन सक्नेछन् ।

यस्तै, प्रतिस्पर्धामा जुनसुकै उमेर समूहकाले भाग लिन सक्नेछन् । प्रतियोगीले मंसिर १२ गतेदेखि १९ गतेसम्म ‘घुम्न जाउ लुम्बिनी महोत्सव’ भनेर सन्देशमूलक र प्रचारात्मक भिडियो बनाएर पोष्ट गर्नुपर्नेछ । यसपछि महोत्सव सुरु हुने दिन मंसिर २० देखि २९ गतेसम्म महोत्सवको विशेषतामा केन्द्रित भएर भिडियो बनाएर पोष्ट गर्नुपर्ने छ ।

‘हामीले दुई क्लिप भिडियो बनाएर टिकटकमा पोष्ट गर्नुपर्ने नियम बनाएका छौं’, भण्डारीले भने-‘एउटाले महोत्सव घुम्न जाउ भन्ने सन्देश प्रवाह गर्छ भने अर्कोले महोत्सवका विशेषता उजागर गर्नेछ ।’

नियम पूरा गरी पोष्ट भएको एक उत्कृष्ट भिडियोलाई प्रचार समितिले बिजेता घोषणा गर्नेछ । बिजेता घोषणा गर्दा टिकटक बनाएर पोष्ट गरेको मिति, त्यसले दिएको सन्देश तथा प्रचारप्रसारको अवस्था, लाइक, भ्युज र शेयरलाई आधार मानिने आयोजकले जनाएका छन् । बिजेतालाई ५ हजार ५ सय ५५ रुपैयाँ पुरस्कारसहित आकर्षक उपहार प्रदान गरिने उद्योग वाणिज्य संघले जनाएको छ ।

संघका अध्यक्ष तथा मेला मूल आयोजक समिति संयोजक ठाकुरकुमार श्रेष्ठले भैरहवा र यस आसपासको आर्थिक गतिविधिलाई बढवा दिन पनि टिकटक प्रतियोगिताले केही न केही सहयोग पुग्ने बताए । ‘कतिपय दर्शक टिकटक हेरेर पनि मेला भर्न आउने हाम्रो अनुमान छ’, उनले भने-‘मेलामा आउनेले केहीले खरिद गर्नुहुन्छ, केहीले खानपिन गर्नुहुन्छ ।

केहीले यहाँ प्रदर्शनीमा राखिएका सामानका बारे बुझ्ने र जानकारी लिने गर्नुहुन्छ । तसर्थ प्रतियोगिताको धेरै महत्व छ ।’ उनले महोत्सव सबैको साझा भएकाले सफल पार्न अपिल गरे ।


## Madhyabindu Municipality

**Office of Municipal Executive**

**Madhyabindu-7, Chormara, Nawalparasi (East of BardghatSusta)**

**Gandaki Province, Nepal**

## Invitation for Bid

First Date of publication: 2024-11-28

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods Items and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra .gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount With VAT | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 4/NCB/MB/ GOODS/ 2081/82 | Procurement Of Combine Harvester with Trailer | NCB-GOODS | 4200000 | 3000/- | 1,00,000.00 | 90 days/120 days after bid opening | 2024-12-29 12.00 | 2024-12-29 14.00 |

Chief Administrative Officer



## नेपाल रेडक्रस सोसाइटी
### रुपन्देही जिल्ला शाखा

## शिलबन्दी कोटेशन आहवान सम्बन्धी सूचना

नेपाल रेडक्रस सोसाइटीको समन्वय एवं स्वीस रेडक्रसको सहयोगमा रुपन्देही जिल्ला शाखा अन्तरगर्त सैनामैना नगरपालिकामा सञ्चालित शहरी पूर्व तयारी तथा आपतकालिन प्रतिकार्य प्रवर्द्धन,(SUPER) परियोजना रुपन्देही अन्तरगर्त (IEC Materials) सूचना शिक्षा र सञ्चार सम्बन्धि २०० ग्रामको पेपरमा चार पेजको ( अगाडि/पछाडि ) गरेर रङ्गिन सामग्रीहरु प्रिन्ट गरेर ब्रोसर स्टाइलमा ५ किसिमका विपद सम्बन्धी सूचनाहरु प्रिन्ट गर्नु परेकोमा इन्छुक दाताले नेपाल सरकारबाट सम्बन्धित कामका लागि ईजाजत प्राप्त सप्लायर्स, कम्पनी वा फर्मले सूचना प्रकाशन भएको मितिले ०७ दिन भित्र आफ्नो नवीकरण भएको फर्म दर्ता, मूल्य अभिबृद्धि कर प्रमाणपत्र र आ.ब. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि शीलबन्दी कोटेशन पेश गर्न अनुरोध गरिन्छ ।

**शर्तहरु**

१. प्राप्त कोटेशनहरु कोटेशन प्रस्तुत गर्ने अन्तिम दिनको भोलि पल्ट दिनको १:०० बजे ने.रे.सो. रुपन्देही जिल्ला शाखामा खोलिने छ, खोलिने दिन विदा परेमा सो को भोलि पल्ट खोलिने छ ।
२. कोटेशनदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्नका लागि बाधा पर्ने छैन ।
३. म्याद नाघि आएको, रित नपुगेको वा शर्त राखी पेश भएको कोटेशनहरु माथि कुनै कारवाही गरिने छैन ।
४. छपाई सामग्रीको नमुना यस कार्यालयमा आई हेर्न सकिने छ ।
५. कोटेशनमा दर भाऊ लेख्नु पर्ने छ ।
६. कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने लगायत सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखामा निहित रहनेछ ।

**नेपाल रेडक्रस सोसाइटी**
**रुपन्देही जिल्ला शाखा**
**९८६७३८०३८३**



## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

## आइडिया डिजाइनर्स/अफसेट प्रेस

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## लैङ्गिक हिंसाबाट सचेत बनौं:

**शारीरिक हिंसा:**
- कुटपिट गर्ने, जीउ पोल्ने, डाम्ने, कुरुप पार्ने, घरबाट निकाला गर्ने,

**मानसिक हिंसा:**
- गाली गलौज गर्ने, अपमानित गर्ने, डर धम्की र त्रासपूर्ण व्यवहार गर्ने, झुठा आरोप लगाउने, मानसिक र भावनात्मक चोट पुऱ्याउने ।

**यौनजन्य हिंसा**
- यौन दुर्व्यवहार गर्ने, यौन शोषण गर्ने, जबरजस्ती करणी गर्ने, देहव्यापारमा लगाउने, यस्ता कार्य लैङ्गिक हिंसाका घटना हुन् ।

**यस्ता घटना विरुद्ध सचेत होऔं ।**

## नेपाल सरकार विज्ञापन बोर्ड



## ट्वाइलेट सफा गराउनुहोस्

## बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

**मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५**
**शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३**
**रियुस सेनेटरी ९८११४२८७३०**
**रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com